मा. खगराज अधिकारी
स्वास्थ्य तथा जनसंख्या मन्त्री

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूको
स्वकिय सचिवालय

मिति : २०७२/६/१

पत्र संख्या :-
चलानी नं. :-

**विषय :- शुभ-कामना सन्देश**

***व्यवस्थित परिवारः स्वास्थ्य र विकासको आधार*** भन्ने नाराका साथ आज १८ सेप्टेम्बरको दिनलाई हामीले दोश्रो परिवार नियोजन दिवसको रुपमा मनाई रहेका छौं । यस अवसरमा देशभर सेवारत सम्पूर्ण स्वास्थ्यकर्मी, स्वयंसेवक, संघ-संस्था तथा परिवार नियोजनका सेवाप्रदायहरूलाई बधाई तथा शुभकामना दिन चाहन्छु ।

विगत ५६ बर्ष देखि शुरुवात भएको यस कार्यक्रम नेपालको स्वास्थ्य प्रणालीको मात्रै नभई नेपाली समाजको नै महत्वपूर्ण तथा सफल कार्यक्रमको रुपमा रहेको छ । जनसमुदायको स्वास्थ्यमा स्वास्थ्य क्षेत्र भन्दा वाहिरको पनि त्यत्तिकै प्रभाव पर्ने भएकोले राष्ट्रिय स्वास्थ्य नीति, २०७१ मा अन्य स्वास्थ्यसंग सम्बन्धित बहुपक्षिय सरोकारवाला निकायहरुको सहकार्यलाई थप सुदृढ गर्ने नीति लिइएको छ । परिवार नियोजन कार्यक्रम जनसंख्या नियन्त्रण गर्ने उद्देश्य मात्र नभई वालमृत्युदर, मातृमृत्युदर घटाई व्यक्ति तथा परिवार र देशको वृहत्तर विकासको आधारभएको हुनाले यस कार्यकमको महत्वपूर्ण भूमिका रहेको छ ।

उल्लेखित सफलताका बावजूद पनि कतिपय वर्ग तथा समूदायमा परिवार नियोजन सेवाको पहुँचमा कमी भएको अनुसन्धानहरूवाट प्रमाणित भएकै छ । यस परिप्रेक्ष्यमा राज्यद्वारा प्रदान गरिने स्वास्थ्य सेवामा गरिव, सीमान्तकृत र जोखिममा रहेका समुदायको पहुँच सुनिश्चित गर्न समतामूलक र सामाजिक न्यायको आधारमा कार्यान्वयन गरिने साथै स्वास्थ्य नीतिमा परिवार योजना लगायत यौन तथा प्रजनन् स्वास्थ्यलाई एकिकृत सेवा विस्तार गर्न उल्लेख गरिनेछ भन्ने कुराले पनि यसको महत्वलाई छर्लङ्ग पारेको छ । यसका साथै Family Planning-2020 लगायतमा नेपाल प्रतिवद्ध रहेको कुरा पनि उल्लेख गर्न चाहन्छु ।

यस परिवार नियोजन दिवसको अवसरमा परिवार नियोजनको क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा काम गर्ने महिला स्वयंसेविका, स्वास्थ्यकर्मी, सरकारी निकाय, गैह्र-सरकारी संस्था, निजी क्षेत्र तथा सामाजिक अभियन्ता र देशको विकासमा सहयोग पुऱ्याइ अमूल्य योगदान गर्नुहुने सवैमा हृदय देखि नै आभार व्यक्त गर्न चाहन्छु ।

(खगराज अधिकारी)
मन्त्री

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(..........................................................................शाखा)

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।


प्राप्त पत्र संख्या :-

पत्र संख्या :-

चलानी नं. :-

मिति : ..........२०७२।०५।३०...

विषय :- **शुभकामना**

नेपालको स्वास्थ्य प्रणालीको महत्वपूर्ण कार्यक्रमको रुपमा रहेको विशेष सम्झना गर्ने दिनको रुपमा १८ सेप्टेम्बर अर्थात आजको दिनलाई हामीले दोश्रो परिवार नियोजन दिवसको रुपमा मनाई रहेका छौं । यस अवसरमा देशभरी परिवार नियोजनको क्षेत्रमा कार्यरत सम्पूर्ण महानुभावहरूलाई हार्दिक शुभकामना ब्यक्त गर्दछु ।

परिवार नियोजन कार्यक्रम जनसंख्या नियन्त्रण गर्ने उद्देश्यले मात्र नभई वृहतर मानव विकासको आधारको रुपमा लिईनु पर्छ । अध्ययन अनुसन्धानहरुबाट परिवार नियोजनले आमा, बच्चा र नवशिशुको स्वास्थ्य सुधार गर्न उल्लेखनीय भूमिका खेल्ने प्रमाणित भएको छ । साथै यसले लैङ्गिक समानता, महिलाको शिक्षा र वृत्ति विकास गर्नको लागी सहयोग पुऱ्याउँछ । एच.आइ.भी. को संक्रमण घटाउनमा पनि परिवार नियोजनले सहयोग पुऱ्याउँछ । परिवार नियोजनले स्रहस्राब्दी आठ वटा लक्ष्यहरु पुरा गर्नको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा योगदान पुऱ्याउने तथ्य सावित भैसकेको छ । यसले मानव जीवनको गुणस्तर सुधार गर्ने मात्र होईन देशको सर्वाङ्गिण विकासमा सहयोग पुऱ्याउँछ ।

नेपालमा सन् १९५९ मा नेपाल परिवार नियोजन संघ मार्फत शुरू भएको यस कार्यक्रम अहिले नेपाल सरकारको एक प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा स्थापित भईसकेको छ । यो सेवा हाल देशका ठूला शहर मात्रै नभई गाऊँ स्तर सम्म सेवाको विस्तार गर्न सफल भएका छौं । तर अझै पनि केही समुदाय तथा बर्गहरूमा यसको पहुँच पर्याप्त रुपमा भई नसकेकोले यसको लागि विशेष प्रयासहरू गर्न आवश्यक छ। अवको स्वास्थ्य क्षेत्र कार्यक्रम (Nepal Health Sector Programme III) मा पनि परिवार नियोजन कार्यक्रम एक महत्वपूर्ण अंशको रुपमा रहनेछ । परिवार नियोजनको क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा काम गर्ने स्वास्थ्य स्वयं सेविका, स्वास्थ्यकर्मी, अन्य सरकारी निकाय, गैह्र-सरकारी संस्था तथा निजी क्षेत्रका सबैलाई यस क्षेत्रका साथै समुदाय र देशको विकासमा अमूल्य योगदान पुऱ्याउनु भएको छ । उक्त योगदनको उच्चतम मूल्याङ्कन गर्दै हृदय देखि नै आभार व्यक्त गर्न चाहन्छु । यसका साथै परिवार नियोजनको सेवा प्रति दर्शाउनु भएको विश्वासको कदर गर्दै यसका प्रयोगकर्ताहरूज्यूलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्तमा, आजको दिनमा परिवार नियोजन र स्वास्थ्य क्षेत्रको मात्र नभई शिक्षा, कृषी, उर्जा, जलश्रोत, भौतिक पूर्वाधार जस्ता सामाजिक क्षेत्रको साथै महिला सशक्तिकरण तथा गरीबी निवारणका क्षेत्रको लागि पनि उत्तिकै महत्व भएकोले परिवार नियोजन कार्यक्रमलाई सफल पारिदिनु हुन सम्बन्धित सवैलाई अपील गर्दछु ।

.................................

(शान्त बहादुर श्रेष्ठ)

सचिव

DRAFT

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# स्वास्थ्य सेवा विभाग

पचली, टेकु
काठमाण्डौ

प.स.
च.नं.:

**शुभकामना सन्देश**

आज १८ सेप्टेम्बरका दिन हामी दोश्रो परिवार नियोजन दिवस विभिन्न कार्यक्रमका साथ देशभरी नै *व्यवस्थित परिवार: स्वास्थ्य र विकासको आधार "* भन्ने नाराका साथ मनाउन लागेको अवसरमा देशभरी परिवार नियोजनको क्षेत्रमा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मी, स्वयंसेविका, संघसस्था तथा यसका प्रयोगकर्ताहरूमा हार्दिक शुभकामना तथा बधाई दिन चाहन्छु । यस दिवसले परिवार नियोजन क्षेत्रमा कार्य गर्ने सबैलाई थप उर्जा प्रदान गर्ने विश्वास लिएको छु ।

यस्तै ५६ बर्ष अघि सन् १९५९ मा सुरु भए देखि यस परिवार नियोजन कार्यक्रम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको एउटा महत्वपूर्ण र सफल कार्यक्रम रहेको छ । अहिले परिवार नियोजन सेवाको उपलब्धता सुविधा सम्पन्न शहर बजारमा मात्रै नभई देश भरी नै सरकारी, गैह्र सरकारी तथा निजी संघ सस्था मार्फत उपलब्ध छ । अहिले गर्भ निरोधको साधनको प्रयोग दर ४७ प्रतिशत पुगेको छ भने अपरिपूर्त माग पनि घटेर २५ प्रतिशत पुगेको छ । यो कार्यक्रमको सफलताले आमा, नवशिशु र बाल वालिका साथै किशोर किशोरीको स्वास्थ्यमा सुधार गर्न मात्रै नभई व्यक्ति र दम्पत्तिको शिक्षा, वृत्ति विकास, महिला शसक्तिकरण र आर्थिक उत्थान गर्दै नेपालको समग्र विकासमा यसको महत्वपूर्ण योगदान गरेको छ ।

एकातिर केही गरिव तथा सीमान्तकृत वर्ग र समुदायमा यस सेवाको पहुँच तथा प्रयोग कम रहेको छ भने अर्कोतिर तीव्र शहरीकरण तथा कामको सिलसिलामा ठूलो संख्यामा नेपाली युवाहरू वाहिरिएको स्थितीमा कसरी सेवाको पहुँच विस्तार गर्ने जस्ता चुनौतिहरु छन् । आगामी दिनहरूमा स्वास्थ्य क्षेत्र कार्यक्रम तथा Costed Implementation Plan (2015-2020) का साथै वार्षिक कार्यक्रमको सफल कार्यान्वयनले यी चुनौतीलाई समाधान गर्ने विश्वास लिएको छु ।

अन्तमा परिवार नियोजन सेवाको पहुँच तथा प्रयोग बढाउन योगदान पुर्‍याउनु हुने सबैमा आभार व्यक्त गर्दै आउँदो योजना तथा कार्यक्रममा प्राथमिकताका साथ सञ्चालन गर्ने कार्यमा सम्बद्ध सबै क्षेत्रवाट सहयोग मिल्ने छ भन्ने अपेक्षा राख्दछु ।

डा. सेनेन्द्र राज उप्रेती
महा निर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**स्वास्थ्य सेवा विभाग**
परिवार स्वास्थ्य महाशाखा

☎ ४-२६१७१२
४-२६१४३६
फ्याक्स: ४-२६२२३८

पचली, टेकू
काठमाडौं, नेपाल ।

पत्र संख्याः-

चलानी नम्बरः-

मिति : ..............................

**विषय :**

**शुभकामना सन्देश**

आज "१८ सेप्टेम्बर २०१५" (२०७२ असोज १) का दिन हामी दोश्रो परिवार नियोजन दिवस विभिन्न कार्यक्रमका साथ देशभरी नै आज ***"व्यवस्थित परिवारः स्वास्थ्य र विकासको आधार"*** भन्ने नाराका साथ मनाउँदै छौं । यस अवसरमा देशभरी परिवार नियोजनको क्षेत्रमा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मीहरू तथा यसका प्रयोगकर्ताहरूमा हार्दिक शुभकामना दिन चाहन्छु ।

सन् १९५९ मा सुरु भएदेखि यस परिवार नियोजन कार्यक्रम, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको एउटा महत्वपूर्ण तथा सफल कार्यक्रम रहिआएको छ । अहिले परिवार नियोजन सेवाको उपलब्धता सुविधा सम्पन्न शहर बजारमा मात्रै नभई देश भरीका गाविसमा स्वास्थ्य संस्था मार्फत र समुदायमा महिला स्वास्थ्य स्वयंसेविका तथा घुम्ती क्लिनिक मार्फत उपलब्ध छ । अहिले सरकारी संस्थावाट मात्र नभई गैह्र सरकारी तथा निजी स्वास्थ्य संस्था मार्फत पनि सुलभ रुपमा उपलब्ध गराईएको छ । यो कार्यक्रमको सफलताले आमा, नवशिशु र बाल वालिका तथा किशोर किशोरीको स्वास्थ्यमा सुधार गर्न मात्रै नभई व्यक्ति र दम्पत्तिको शिक्षा, वृत्ति विकास, महिला शसक्तिकरण र आर्थिक उत्थान गर्दै समग्र विकासमा मद्दत पुऱ्याएको छ ।

सन् १९७६ मा सालाखाला एक महिलाले ६ जना भन्दा बढी सन्तान जन्माउँथे भने यो घटेर सन् २०१४ मा २.३ पुगेको छ । त्यसैगरी यस अवधीमा गर्भनिरोधका साधनको प्रयोग ३ प्रतिशतवाट बढेर ४७ प्रतिशत पुगेको छ । परिवार नियोजनको वारेमा सामान्य जानकारी जनसमुदायमा व्यापक रुपमा पुगेको छ । गर्भ निरोधको साधनको न्यून प्रयोग भएका केही जनजाती तथा सीमान्तकृत वर्ग लगायत सम्पूर्ण जनसमुदायमा सेवाको पहुँच तथा प्रयोग बढाउन हालसम्म पुऱ्याउनु भएको अमूल्य सहयोगको लागि आभार व्यक्त गर्दै आउँदो योजना तथा कार्यक्रममा प्राथमिकताका साथ सञ्चालन गर्ने कार्यमा सम्बद्ध सबै क्षेत्रवाट सहयोग मिल्ने छ भन्ने अपेक्षा राख्दछु ।

डा. पुष्पा चौधरी
निर्देशक
परिवार स्वास्थ्य महाशाखा

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र

फोन नं.: ४-२५४२७१
४-२५४६१३
४-२५४३५०
फ्याक्स: ४-२६१३८७
Email: hellis@wlink.com.np
Website: nheicc.gov.np

पचली, टेकु
काठमाडौं, नेपाल

प.सं. : ...........

च.नं. : ...........

मिति :..........................

विषय :

**शुभकामना सन्देश**

आज १८ सेप्टेम्बरका दिन ***व्यवस्थित परिवार: स्वास्थ्य र विकासको आधार"*** भन्ने नाराका साथ हामी दोश्रो परिवार नियोजन दिवस देश भरी नै विभिन्न कार्यक्रमहरूको आयोजना गरी मनाउँदै छौं । यस अवसरमा देशभरी परिवार नियोजनको क्षेत्रमा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मीहरू, यसका प्रयोगकर्ताहरू तथा विशेष गरी जनचेतना अभिवृद्धि गर्न सहयोग गर्ने संघ संस्था तथा संचारगृहहरूलाई हार्दिक शुभकामना दिन चाहन्छु ।

छप्पन्न बर्ष अघि सन् १९५९ मा सुरु भए देखि यस परिवार नियोजन कार्यक्रम, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको एउटा महत्वपूर्ण कार्यक्रम रहि आएको छ । अहिले परिवार नियोजन सेवा तथा साधनको सन्दर्भमा जनचेतनाको अभिवृद्धि गर्ने कार्य देशको सुविधा सम्पन्न शहर बजारमा मात्रै नभई देशै भरीका कुना काप्चामा भएको छ र नेपालमा सबैजसो व्यक्तिलाई यसको वारेमा आधारभूत जानकारी छ । यसको लागि दशकौं देखि छापा तथा विद्युतीय आम सञ्चारका माध्यमहरू देखि अन्तरव्यक्ति सञ्चार सम्मका उपाय अबलम्बन गरी सम्भावित प्रयोगकर्तालाई सुसुचित गर्न सफल भएका छौं ।

यसका बावजूद अझै पनि केही समुदाय तथा वर्गहरूमा यसको विस्तृत जानकारी पर्याप्त रुपमा भई नसकेको र अनेक मिथ्या धारणा व्याप्त रहेकोले विशेष प्रयासहरू गर्न आवश्यक छ । त्यसैगरी कतिपय स्वास्थ्य शिक्षामा हाम्रा प्रयासहरू परम्परागत शैलीको भएको हुनाले पनि अहिलेको नयाँ युगका जनसमुदायमा सही सूचना प्रवाह गर्न समय सुहाउँदो माध्यम तथा शैलीको प्रयोग अपरिहार्य बनेको छ । यसका साथै परिवार नियोजन कार्यक्रमले गर्भ निरोधको कार्य मात्र नभई आमा, नवजात शिशु र बाल वालिका तथा किशोर किशोरीको स्वास्थ्यमा सुधार गर्न व्यापक रुपमा जनचेतना अभिवृद्धि गर्दै लानुपर्ने आवश्यकता छ ।

यसै सन्दर्भमा हामीले परिवार नियोजनको लागि जनचेतनाको अभिवृद्धिको लागि देशव्यापी रुपमा 'स्मार्ट जोडी परिवार नियोजन अभियान' का साथसाथै मोवाईल फोन, ईन्टरनेट जस्ता अत्याधुनिक प्रविधीको प्रयोग गर्ने कार्य आरम्भ गरेका छौं । यस्ता कार्यक्रमले समाजका सबै वर्ग तथा समुदायका व्यक्तिमा जनचेतना अभिवृद्धि हुने विश्वास लिएको छु र यस अभियानमा सबैको सहयोगको अपेक्षा गर्दछु ।

सुनिल राज शर्मा
निर्देशक